आज मिति २०८०।१२।२२ गते **राजमार्ग ( सडक ) मा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यवीधि २०७५** को बुँदा ७ वमोजिम **राजमार्ग अवरोध हटाउने जिल्ला समन्वय समिति**को संयोजक प्रमूख जिल्ला अधिकारी सुरेश पन्थी सहितको निम्न पदाधिकारीहरुको वैठक वसि देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.स | नामथर | पद | कार्यालय | हस्तांक्षर |
|---|---|---|---|---|
| १ | श्री सुरेश पन्थी | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय न.प.(ब.सु.प.) | |
| २ | | | श्री गोरखदल गण | |
| ३ | काजी कु. आचार्य | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय | |
| ४ | प्रकाश बाग्ले | प्र.प.उ. | स.प्र.ब.नेपाल नं. २६ गण | |
| ५ | शेर बहादुर चौधरी | अ.अ. | रा.अ.जि.का. | |
| ६ | अमृतलाल श्रेष्ठ | नगर प्रमुख | बर्दघाट नगरपालिका | |
| | प्रकाश रवाल | प्र.प्र.अ. | | |
| ७ | विमला आर्याल | | सुनवल नगरपालिका | |
| | चेतनाथ गिरी | | | |
| ८ | मोहन अर्याल | प्र०प्र०अ० | रामग्राम नगरपालिका | |
| ९ | टंक नारायण उपाध्याय | अध्यक्ष | सुस्ता गाउँपालिका | |
| १० | | | प्रतापपुर गाउँपालिका | |
| ११ | | | पाल्हीनन्दन गाउँपालिका | |
| १२ | सुरबाडी प्र. चौ. | अध्यक्ष | सरावल गाउँपालिका | |
| | विश्वास मिश्र | प्र.प्र.अ. | | |
| १३ | शरद श्रेष्ठ | इन्जिनियर | बुटवल नारायणघाट सडक स्तरोन्नती आयोजना बर्दघाट | |
| १४ | अर्जुन बि. आचार्य | प्र.नि.नि | जिल्ला ट्राफिक कार्यालय | |
| १५ | मुक्ति प्र. पाण्डेय | का.प्र. | यातायात व्यवस्था सेवा कार्यालय | |
| १६ | | | डिभिजन सडक कार्यालय | |
| १७ | | | पश्चिम ने.ब.व्य.समिति | |
| १८ | | | पाल्ही मध्य नेपाल यातायात प्रा.लि. | |
| १९ | श्री ध्रुवबहादुर कुँवर | स.प्र.जि.अ./स.स. | जिल्ला प्रशासन कार्यालय | |

निर्णयहरु:

१. यस जिल्लामा रहेको राष्ट्रिय राजमार्ग तथा अन्य सडकहरुमा राजमार्ग सुचारुको सम्बन्धमा छलफल गर्दा कुनै किसिमको अवरोध यातायात पूर्णरुपमा नियमित संचालनमा रहेको पाइयो ।

२. गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौको च.नं. १६०४ मिति २०८०।१२।०८ को पत्रबाट सडक सुरक्षा र सवारी दुर्घटना न्यूनीकरण गर्न देहाय बमोजिम गर्न लेखी आएकोले सोको कार्यान्वयन सरोकारवालाहरुले गर्ने ।

   क. ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउने, सडक दुर्घटना न्यूनीकरणका लागि सरोकारवाला निकायहरुको सहभागितामा सडक सुरक्षाका लागि कार्यक्रमहरु संचालन गर्ने ।

   ख. लामो दुरीका बसमा २ जना चालक राख्ने, सवारी साधनको नियमित परीक्षण गराउने, मादक पदार्थ तथा लागू औषध प्रयोग गरेर सवारी नचलाउने लगायतका कानूनी व्यवस्था पालना गर्ने, गराउने ।

   ग. सडक अनुशासन पालना गराउन सडकमा गुड्ने सवारीका सवारी चालक र पैदल यात्रुहरुलाई लक्षित गरी सचेतनामूलक कार्यक्रम संचालन गर्ने, गराउने ।

३. गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाण्डौको च.नं. १७०१ मिति २०८०।१२।२० गतेको पत्र साथ प्राप्त हुन आएको ढुवानी व्यवसायी महासंघ नेपालको पत्र बैठकमा पेश भई छलफल भयो । सो सम्बन्धमा यातायात क्षेत्रमा देखिएका विकृति, विसंगति, मानवीय क्षति न्यूनिकरण र करछलि, ओभरलोड रोक्ने जस्ता विषयमा सरोकारवाला निकायहरुले आपसी समन्वय गरी कार्य गर्ने ।

४. विपद्को समयमा यस जिल्ला अन्तर्गत पर्ने पूर्व पश्चिम राजमार्गको दाउन्ने लगायत अन्यक्षेत्रमा भारी वर्षाको कारण पहिरो लगायतको कारणबाट पूर्व पश्चिम राजमार्ग बन्द हुन सक्ने भएकोले पहिरो क्षेत्रमा तुरुन्त Equipment पुग्न सक्ने गरी आवश्यक व्यवस्था बुटवल-नारायणगढ सडक स्तरोन्नती आयोजना बर्दघाटले मिलाउने ।

५. आवागमनलाई सहज बनाउन डिभिजन सडक कार्यालय, बुटवल, बुटवल-नारायणघाट सडक स्तरोन्नती आयोजना, सडक पूर्वाधार विकास कार्यालय, रुपन्देही, हुलाकी राजमार्ग आयोजना कार्यालय, कपिलवस्तु र स्थानीय तह लगायतका सम्बन्धित निकायहरुले सडकमा भएका खाल्टाखुल्टी पुर्ने तथा अन्य मर्मत सम्भारका कार्यहरु गर्ने ।

६. छाडा पशु चौपायाहरुको संचालन सम्बन्धमा स्थानीय तहहरुले उचित व्यवस्थापन गर्ने ।